# कोशी अस्पताल कोभिड १९ उपचार केन्द्र (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७७

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड १९ बाट संक्रमित भई बिरामी भएका व्यक्तिहरूलाई गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्रदान गर्न प्रदेशमा एक विशेष अस्पतालको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम प्रदेश सरकारले यो निर्देशिका स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "कोशी अस्पताल कोभिड १९ उपचार केन्द्र (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७७" रहेको छ।

(२) यो निर्देशिका प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अस्पताल" भन्नाले दफा ३ बमोजिम स्थापना भएको "कोशी अस्पताल कोभिड १९ उपचार केन्द्र" सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले प्रदेश नं. १ सम्झनु पर्छ।

(ग) "प्रदेश सरकार" भन्नाले प्रदेशको मन्त्रिपरिषद् सम्झनु पर्छ।

(घ) "बिरामी" भन्नाले अस्पतालमा भर्ना भएका कोभिड १९ भनी निदान भएका संक्रमितहरू सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा ९ बमोजिमको कोशी अस्पताल कोभिड १९ उपचार केन्द्र व्यवस्थापन निर्देशक समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## अस्पतालको स्थापना, सञ्चालन र व्यवस्थापन

३. **अस्पतालको स्थापना हुने:** (१) कोभिड १९ भनी निदान भई संक्रमित भएका बिरामीहरूलाई छुट्टै राखी गुणस्तरीय उपचार सेवा प्रदान गर्न अस्थायी प्रकृतिको कोशी अस्पताल कोभिड १९ उपचार केन्द्रको स्थापना हुनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको अस्पतालमा न्यूनतम दश शैयाको सघन उपचार कक्ष, न्यूनतम दश शैयाको एच.डी.यु. कक्ष सहित कुल एक सय शैयाका अतिरिक्त ल्याव सेवा, एक्स रे तथा भिडियो एक्स रे सेवा समेतको संरचना रहनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि बिरामीको चाप, महामारीको अवस्था, अस्पतालमा उपलब्ध जनशक्ति तथा अस्पताल रहेको स्थानको अवस्था विश्लेषण गरी समितिको सिफारिसमा मन्त्रालयले निर्णय गरी आवश्यक मात्रामा शैया संख्या थप गरी अस्पताल सञ्चालन गर्न बाधा पर्ने छैन।

४. **अस्पतालको व्यवस्थापकीय जिम्मेवारी:** (१) अस्पतालको व्यवस्थापकीय कार्यको नेतृत्व मन्त्रालयले र प्राविधिक कार्यको नेतृत्व कोशी अस्पतालले गर्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि आर्थिक, प्रशासनिक तथा जिन्सी व्यवस्थापन कार्यको संयोजन गरी अस्पतालको समग्र व्यवस्थापन र सञ्चालनको लागि मन्त्रालयले एक अधिकृत कर्मचारी तोक्नु पर्नेछ।

(३) उपदफा (१) को प्रयोजनका लागि अस्पतालमा खटिएका प्राविधिक जनशक्तिको परिचालन र संयोजनका लागि कोशी अस्पतालले एक चिकित्सक कर्मचारी तोक्नु पर्नेछ।

## परिच्छेद-३

## जनशक्ति व्यवस्थापन

५. **जनशक्ति व्यवस्थापन र सेवासुविधा:** (१) अस्पतालमा आवश्यक जनशक्तिको व्यवस्थापन मन्त्रालय र कोशी अस्पतालबाट गरिनेछ।

(२) उपदफा (१) बमोजिम अस्पतालमा खटिएका स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको प्रचलित नियम बमोजिमको तलव तथा अन्य सेवा सुविधा मन्त्रालय वा कोशी अस्पतालमध्ये जुन निकायबाट खटाइएको हो सोही निकायबाट भुक्तानी गर्नुपर्नेछ।

(३) अस्पतालमा उपदफा (१) बमोजिम मन्त्रालय र कोशी अस्पतालबाट खटाइएका जनशक्तिका अतिरिक्त थप जनशक्ति आवश्यक पर्ने भएमा त्यसवापत उत्पन्न हुने थप आर्थिक दायित्वका सम्बन्धमा प्रदेश सरकारबाट निर्णय भए बमोजिम हुनेछ।

(४) अस्पतालमा खटिएका सम्पूर्ण स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको खाना तथा आवासका साथै तोकिएको अवधि कार्य गरेका स्वास्थ्यकर्मी तथा कर्मचारीहरूलाई क्वारेन्टाइनको व्यवस्थापन मन्त्रालयले गर्नेछ।

(५) अस्पतालमा खटिएका स्वास्थ्यकर्मी तथा कर्मचारीहरू कोभिड १९ बाट संक्रमित भई बिरामी परेमा उपचारको सम्पूर्ण जिम्मेवारी मन्त्रालयको हुनेछ।

(६) अस्पतालमा खटिएका स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको कोभिड १९ को संक्रमणका कारण मृत्यु भएमा प्रदेश सरकारले तोके बमोजिमको रकम उपलब्ध गराउने जिम्मेवारी मन्त्रालयको हुनेछ।

(७) प्रचलित नियमबमोजिम प्राप्त हुने सेवासुविधाका अतिरिक्त अस्पतालमा खटिएका स्वास्थ्यकर्मी तथा कर्मचारीको मनोवल उच्च राख्ने अभिप्रायले कुनैपनि संघ संस्था तथा व्यक्तिहरूबाट खटिएका स्वास्थ्यकर्मी तथा कर्मचारीहरूका लागि घोषणा गरिएको विशेष सहुलियत तथा प्रोत्साहन प्राप्त गर्न बाधा पर्नेछैन।

(८) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि महामारीको फैलावटका कारण बिरामीको संख्या बढ्दै गई आपतकालिन अवस्था सिर्जना भएको कारणबाट अस्पतालमा कार्य गर्न जनशक्ति अपूग हुने देखिएमा प्रदेश सरकारले प्रदेश भित्रका संघ, प्रदेश र स्थानीय तह मातहतका स्वास्थ्य संस्था तथा प्रदेशका निजी तथा गैर-सरकारी संस्थाद्वारा सञ्चालन गरिएका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूलाई समेत अस्पतालमा खटाउन सक्नेछ।

## परिच्छेद-४
## बजेट, लेखा तथा जिन्सी व्यवस्थापन

६. **बजेट, लेखा तथा लेखा परीक्षण:** (१) अस्पताल सञ्चालनका लागि मन्त्रालयले उपलब्ध गराउने बजेट रकमको खर्च गर्ने अख्तियारीको लागि मन्त्रालयले मातहतको कुनै निकाय वा कार्यालयलाई तोक्न सक्नेछ।

(२) अस्पताललाई उपलब्ध हुने सम्पूर्ण बजेटको प्रचलित कानून बमोजिम लेखा राख्ने तथा लेखा परीक्षण गराउने जिम्मेवारी उपदफा (१) बमोजिम मन्त्रालयले तोकेको निकाय वा कार्यालयको हुनेछ।

७. **जिन्सी व्यवस्थापन:** (१) मन्त्रालयबाट खरिद गरी अस्पताललाई प्राप्त भएका, अन्य निकायबाट फिर्ता हुनेगरी तथा अनुदानको रूपमा अस्पताललाई प्राप्त भएका खर्च भएर जाने तथा खर्च भएर नजाने जिन्सी सामग्रीको छुट्टा-छुट्टै अभिलेख राखी व्यवस्थापन गर्ने कार्य मन्त्रालयबाट तोकिएको कर्मचारीले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यमा सहयोग तथा समन्वय गर्न कोशी अस्पतालबाट समेत एकजना कर्मचारी तोकी खटाउनु पर्नेछ।

८. **जिन्सी व्यवस्थापन सम्बन्धी विशेष व्यवस्था:** (१) अस्पतालले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका साथै कुनै व्यक्ति वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाबाट उपचार प्रकृयाको

आवश्यक पर्ने स्वास्थ्य उपकरण तथा सामग्री लगायत कुनैपनि प्रकारको जिन्सी सामग्री प्राप्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जिन्सी सामग्री प्राप्त गर्दा सो को स्वामित्व सामग्री प्रदान गर्ने दाताले प्रदान गरिएको सामग्रीको स्वामित्वका सम्बन्धमा कुनै शर्त तोकेमा सोही बमोजिम र अन्य अवस्थामा मन्त्रालयको हुनेछ।

## परिच्छेद-५

## समिति सम्बन्धी व्यवस्था

९. **समितिको गठन:** अस्पतालको सञ्चालन तथा व्यवस्थापनका लागि मार्गनिर्देश गर्न देहाय बमोजिमको एक कोशी अस्पताल कोभिड १९ उपचार केन्द्र व्यवस्थापन निर्देशक समिति रहनेछ:

(क) सचिव, मन्त्रालय —संयोजक

(ख) निर्देशक, प्रदेश स्वास्थ्य निर्देशनालय —सदस्य

(ग) प्रमुख, कोशी अस्पताल —सदस्य

(घ) प्रमुख, प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र —सदस्य

(ङ) अस्पतालको व्यवस्थापकीय नेतृत्व गर्न दफा ४(२) बमोजिम मन्त्रालयले तोकेको अधिकृत कर्मचारी —सदस्य

(च) अस्पतालको प्राविधिक जनशक्तिको नेतृत्व गर्न दफा ४(३) बमोजिम कोशी अस्पतालले तोकेको चिकित्सक कर्मचारी —सदस्य

(छ) महाशाखा प्रमुख, नीति, कानून, मापदण्ड, योजना तथा जनस्वास्थ्य महाशाखा, मन्त्रालय —सदस्य-सचिव

१०. **समितिको काम, कर्तव्य तथा अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ:

(क) अस्पतालको लागि आवश्यक स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको संख्या निर्धारण गर्ने,

(ख) दफा ३ को उपदफा (३) बमोजिमको परिस्थितिमा अस्पतालमा आवश्यक संख्यामा शैया थपको लागि मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ग) अस्पतालमा खटिने जनशक्तिलाई निश्चित समय खटिइसकेपश्चात क्वारेन्टाइनमा राख्ने सम्बन्धमा उक्त क्वारेन्टाइनमा बस्नको लागि खटिने अवधि निर्धारण गर्ने,

(घ) अस्पतालमा हुने उपचार प्रकृयामा स्वास्थ्यकर्मीहरूका लागि नेपाल सरकारद्वारा जारी गरिएको मापदण्ड तथा निर्देशिकाको पालना गराउने,

(ङ) अस्पताल सञ्चालनका लागि आवश्यक बजेट उपलब्ध गराउन मन्त्रालयसँग समन्वय गर्ने,

(च) अस्पताल सञ्चालन प्रकृयाको नियमित अनुगमन गरी सेवाको गुणस्तरीयता कायम गर्न आवश्यक निर्देशन दिने,

(छ) अस्पताल सञ्चालनका क्रममा आउने अन्य विविध समस्याको समाधान गर्न आवश्यक समन्वय तथा पहल गर्ने।

११. **समितिको बैठक:** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार चिकित्सक, विज्ञ, कर्मचारी तथा अन्य व्यक्तिहरूलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-६

## विविध

१२. **प्रयोगशाला सञ्चालनमा समन्वय:** कोभिड १९ को परीक्षण गर्नको लागि कोशी अस्पतालमा स्थापना गरिएको पीसीआर प्रयोगशालाको सञ्चालनमा मन्त्रालयले आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्नुपर्नेछ।

१३. **बाधा अड्काउ फुकाउ:** अस्पताल सञ्चालनका क्रममा आउने कुनै पनि किसिमको बाधा अड्काउ यस निर्देशिका तथा प्रचलित कानूनको अधिनमा रही मन्त्रालयले फुकाउन सक्नेछ।

१४. **बचाउ, संशोधन वा खारेजी:** (१) अस्पतालको सञ्चालनका सम्बन्धमा यो निर्देशिका लागु हुन भन्दा अघि भए गरेका सम्पूर्ण प्रशासनिक निर्णयहरू यसै निर्देशिका बमोजिम भएको मानिनेछ।

(२) यो निर्देशिकाको आवश्यक संशोधन तथा खारेजी गर्ने अधिकार प्रदेश सरकारमा निहित रहनेछ।